बैठक संख्या: २०८२।०८३ – ०५

**बैठक: घिरिङ गाउँपालिका तनहुँको गाउँ कार्यपालिका बैठक ।**

मितिः- वि. स. २०८२ साल मंसिर ०३ गते सोमबार समयः- ११ बजे देखि सुरु।

अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा ज्यू

स्थानः गाउँपालिका सभाहल तनहुँ।

घिरिङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, तनहुँ पोखरीछाप, गण्डकी प्रदेश, नेपाल २०७३

उपस्थित पदाधिकारीहरुको विवरणः

| क्र स | पदाधिकारीको नाम थर | कार्यालय र पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री होम बहादुर थापा | घिरिङ गाउँपालिका अध्यक्ष | | |
| २ | श्री राधादेवी अधिकारी | घिरिङ गाउँपालिका उपाध्यक्ष | | |
| ३ | श्री कृष्ण प्रसाद ढकाल | घिरिङ गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | श्री रवि चन्द्र घोरासिनी | घिरिङ गाउँपालिका वडा न. १ वडाअध्यक्ष | | |
| ५ | श्री नर वहादुर थापा | घिरिङ गाउँपालिकावडा न .२ वडाअध्यक्ष | | |
| ६ | श्री तहल सिंह थापा | घिरिङ गाउँपालिकावडा न. ३ वडाअध्यक्ष | | |
| ७ | श्री भिम बहादुर कुमाल | घिरिङ गाउँपालिकावडा न. ४ वडाअध्यक्ष | | |
| ८ | श्री विष्णु विर आले | घिरिङ गाउँपालिकावडा न. ५ वडाअध्यक्ष | | |
| ९ | श्री पार्बती वि.क | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १० | श्री ईश्वरी श्रेष्ठ | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| ११ | श्री रिमा कुमाल | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १२ | श्री सरिता वि.क | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १३ | श्री भुवन सिं वि.क | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १४ | श्री टोप बहादुर रामदाम | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| | | राष्ट्र सेवक कर्मचारी | | |
| १५ | ध्रुवराज सापकोटा(?) | अधिकृत | | |
| १६ | | | | |
| १७ | | | | |
| | | | | |

घिरिङ गाउँपालिका

गाउँ कार्यपालिका

कार्यपालिका बैठक संख्या :- २०८२/०८३/०५

मिति : २०८२/०८/०३

बैठकको अध्यक्षता :- गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा

समय बैठक शुरु विहानको :- ८.००

बैठक बसेको स्थान :-गाउँपालिका सभाहल ।

**प्रस्तावहरु**

१) छात्रवृत्ति सम्बन्धमा ।

२) कृष्ण मोटर मार्ग सम्बन्धमा ।

३) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगीता सम्बन्धमा ।

४) अध्यक्ष कप खेल सम्बन्धमा ।

५) घाटहरुको टेन्डर सम्बन्धमा ।

६) विविध सम्बन्धमा ।

निर्णय नं. १ प्रस्ताव नं.१ माथि छलफल गर्दा यसै पालिका वडा नं.१ पुट्टारमा संचालित कालिगण्डकी बहुप्राविधिक शिक्षलयमा फरेष्ट्री संकाय विद्यार्थी अभावको कारणले बन्द हुन अवस्थामा पुगेको हुँदा सो संकाय चालु राख्न घिरिङ गाउँपालिकाले यस आ.व.को लागि रु. ४ लाख छात्रवृत्तिको लागि रकम र यस गा.पा. वडा नं.४ बस्ने प्रेम बहादुर थापाको छोरा मीगिन थापाले धुलीखेल शिक्षण अस्पतालमा एम.वि.वि.एस अध्ययन रत रहेकोले निजलाई रु. १ लाख छात्रवृत्ति उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नं.२ माथि छलफल गर्दा कृष्ण मोटर मार्गको मानपुर - देउराली बीचको खण्डमा रहेको खोल्सीमा हिमपाईप राख्ने साथै खाल्डाहरु पुर्ने र काठीकोटदेखि बैडी सम्म पनि बाटोमा खाल्टा टुरहेको हुँदा उक्त बाटो पनि इष्टीमेट अनुसार मर्मत संभार गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं.३ माथि छलफल गर्दा मिति २०८२/०७/२८ देखि २०८२/०७/३० गते संचालनमा रहेको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगीता कुनै पनि समस्या नरही समय तालिका अनुसार सम्पन्न भएको हुँदा सम्बन्धित सबैलाई धन्यवाद दिने निर्णय गरियो ।

निर्णय नं. ४ प्रस्ताव नं.४ माथि छलफल गर्दा अन्तर पालिका स्तरीय अध्यक्ष कप खेल २०८२ माघ महिनामा संचालन गर्ने निर्णय गरियो ।

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

निर्णय नं. ५ प्रस्ताव नं.५ माथि छलफल गर्दा घाटहरुको टेन्डर सम्बन्धमा कालिगण्डी नदीमा रहेको नदिजन्य पदार्थ ढुङ्गा ,गिट्टी,बालुवा उत्खनन विक्रीका लागि जम्मा ६ वटा घाटहरु टण्डर आहवान गरिएकोमा बालिघाट मात्र विक्रि भएको साथै अन्य पाँच वटा घाटहर क्रमश तिमील्सीनाघाट,खुम्लीङ्घाट,मालेबगरघाट,बालुवाघाट र बटौलीटारघाटको पहिलो पटकको टेण्डर सूचना आहवानमा कुनै पनि निवेदन नपरेको हुँदा पुन दोस्रो पटक टेण्डर सूचना आहवान गरिएको ।

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा विविधमा तपसिल अनुसार निर्णय गरियो ।

- मिति २०८२/०८/७,८ र ९ गतेका दिनहरुमा उपयुक्त स्थानमा छनौट गरी कृषक भ्रमणका लागि लैजाने साथै उक्त कामको जिम्मा कुषि शाखालाई दिने निर्णय गरियो ।
- सामुदायीक स्वास्थ्य इकाई गडौलीटार र भरकोट साथै नागरिक आरोग्य केन्द्रका लागि १/१ जना कार्यालय सहयोगी भर्ना प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।
- प्रदेश र यसै पालिकाबाट विनियोजन गरियोको घिरिङ खेल मैदान तथा रंगशाला निर्माणको काम अगाडी बढाउने निर्णय गरियो ।
- संघीय सरकारबाट हस्तान्तरीत कार्यक्रम तर्फको बजेट उपशिर्षकमा नेपाल सरकार समानीकरण अनुदान तर्फका र प्रदेश सरकारबाट हस्तान्तरीत कार्यक्रम तर्फका पूँजीगत प्रकृतिका तपसिशल बमोजिमका कार्यक्रमबाट खर्च खेख्न नमिलेको हुँदा बजेटको आकारमा केही पनि परिवर्तन नगरी तपसिलका कार्यक्रमलाई घिरिङ गा.पा.उपशिर्षक भित्र कार्यक्रम रहने गरि मिलान गर्ने निर्णय गरियो ।

  संघ समपूरक तर्फ

  १,घुमाउने ताल (संघ समानीकरण अनुदान ) ४५,०००००।०० अक्षरुपी पैचालीस लाख मात्र ।
  २, ध्याछाप पुट्टार मोटर मार्ग (संघ समानीकरण अनुदान ) २७,३०,०००।०० अक्षरुपी सत्ताइस लाख तीस हजार रुपया मात्र ।

  प्रदेश समपूरक तर्फ

  १, भैरव मोटर मार्ग निर्माण (संघ समानीकरण अनुदान ) १८,०००००।०० अक्षरुपी अठार लाख रुपया मात्र ।
- आ.व.०८२/०८३ को प्रथम चौमासिक सार्वजनिक सुनुवाई यहि मंसिर २३ गते मंगलवारको दिन वडा नं.२ को कार्यालयमा राख्ने निर्णय गरियो ।
- गा.पा.परिसर भित्र रहेको पुरानो कार्यालय भवनमा वर्षातको समयमा डुवान भई कार्यालय संचालन गर्न अप्ठेरो परेको साथै उक्त जग्गा खेल मैदान प्रयोजनका लागि आवश्यक परेको हुँदा सो पुरानो भवन भत्काई खेल मैदान निर्माण गर्ने निर्णय गरियो ।
- तपसिल अनुसार आर्थिक सहायता दिने निर्णय गरियो ।

| क्र.स | नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | श्री चित्र बहादुर थापा बन्दिपुर ३ | १०,०००.०० | द्वन्दकालमा घाइते भई देब्रे खुट्टा गुमाएको |

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

घिरिङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरीछाप, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

होम बहादुर थापा
अध्यक्ष

| | | | |
|---|---|---|---|
| २ | दोस्रो डेढगाउँ महोत्सव तथा व्यापार मेला २०८२ | ३०,०००.०० | |
| ३ | भुल बहादुर सुनार घिरिङ- १ | ७०००.०० | |
| ४ | कृष्ण मा.वि. घिरिङ- १ | २००००.०० | एन्जिला कुमालको उपचार खर्चका लागि |
| ५ | भु.पु.सैनिक व्याडमिन्टन खेल घिरिङ | २०,०००.०० | |
| ६ | शिव लाल वि.क. | १५०००.०० | यातायात भाडा |

- घिरिङ गाउँपालिका वडा नं १ अन्तर्गत पुटारढाब खानेपानी योजनाको लागि आ.ब. २०७८/७९ मा लागत अनुमान रु १८८१४६६.०१ (भ्याट र कन्टिनजेन्शी समेत) को पाइप खरिदको लागि ठेक्का आब्हान भएकोमा Nepal Syntex Pvt. Ltd. लाइ ठेक्का परि मिति २०७९/०३/२१ गते रु १८४९६५३.५० मा लागत अनुमान बमोजिमको कार्य सम्पन्न गर्ने गरि ठेक्का सम्झौता भएको हो, सो पाइप खरिद कार्य भए पश्चात रकम रु ९९६०११.३८ भ्याट समेतको मुल्यांकन भई मिति २०७९/०३/२५ गते Nepal Syntex Pvt. Ltd. लाइ रु ८८७६०८.०० भुक्तानी भएको हो, सो को भुक्तानी हुँदा बजेट अपुगको कारण मुल्यांकन भन्दा कम भुक्तानी भएको हो, सो कम्पनीको मुल्यांकन भई भुक्तानी हुदा ओभरहेद रकम बापतको रु ९८५३५ असुल उपर हुने गरि बेरुजु रहेको छ, तसर्थ पुटारढाब खानेपानी पाइप खरिद योजनाको विवरण निम्नानुसार रहेको छ,

Nepal Syntex Pvt. Ltd संग सम्झौता भएको रकम रु १८४९६५३.५० मुल्यांकन भएको रकम रु ९९६०११.३८ भ्याट समेत मुल्यांकन भएको रकम रु १०५६०११.३८ भ्याट र कन्टिनजेन्शी समेत २०७९/०३/२५ गते Nepal Syntex Pvt. Ltd. लाइ भुक्तानी भएको रकम रु ८८७६०८.०० भ्याट समेत

Nepal Syntex Pvt. Ltd को असुल उपर बेरुजु रकम रु ९८५३५

Nepal Syntex Pvt. Ltd लाइ भुक्तानी हुन बाकी रकम रु १०८४०३.३८ भ्याट समेत

Nepal Syntex Pvt. Ltd लाइ जम्मा भुक्तानी हुन बाँकी रकम बेरुजु बाहेक रु ९८६८.३८ भ्याट समेत भुक्तानी हुन बाँकी रकम Nepal Syntex Pvt. Ltd लाइ भैपरी अउने पुँजीगत खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

- स्थानीय पाठ्यक्रम २०८० मा आधारित भई कार्यदल तथा कार्यसमितिले तयार पारेको कक्षा १ को हाम्रो घिरिङ नामक पुस्तकको मुद्रणीय प्रति स्वीकृत गर्ने र शैक्षिक सत्र २०८३ सालदेखि विद्यालयमा लागु गर्ने साथै वितरण प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।
- जे.पि.अडिटबाट LISA मा समेत नम्वर प्राप्त गर्न सकिने हुँदा यस गाउँपालिकाको जे.सि.अडिट गर्नको लागि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

घिरिङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरीढाप, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३